# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, असोज १ गते २०४७ साल (संख्या २३

## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४७।४।२४ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सचिवालयका का. मु. रा. प. विशिष्ट श्रेणीका अधिकृत श्री श्यामप्रसाद अधिकारीलाई राष्ट्रिय योजना आयोगको सह-सदस्य सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको मुख्य सचिव

### सूचना २

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री सन्तबहादुर राई शारीरिक अस्वस्थताको कारणबाट बिरामी बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विहारीकृष्ण श्रेष्ठलाई मिति २०४७।५।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५२